निर्णय:

आज मिति २०७४ माघ १७ गतेका दिन कार्यपालिकाद्धारा निर्णय गरी निम्न प्रस्तावहरु पारित गर्नको लागि नगर सभामा लैजाने निर्णय गरियो ।

१) राजश्व परिचालन अन्तर्गत ठूलो क्षेत्र राजश्वको दायरा भन्दा बाहिर रहेको पाइएकोले सबैलाई समेट्ने तथा न.पा.को वित्तिय स्वास्थ्य र राजश्व प्रशासनलाई प्रभावकारी बनाउन सरोकार राख्ने निकाय समेत रत्ननगर न.पा.मा क्रियाशील (उद्योग वाणिज्य संघ) को सहभागितामा तत्कालै राजश्व अभियान –२०७४ अन्तर्गत दायरा बाहिर रहेका करदातालाई तथ्याङ्क संकलन, करको दायरामा ल्याउने र कर संकलन गर्ने प्रयोजनार्थ घरदैलो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

२) न.पा. भित्र अस्थायी संरचना (घर/टहरा) बनाउदा न.पा.को स्वीकृती नलिई बनाउने गरेको देखिएकोले उक्त कार्यलाई निरुत्साहित गरी अस्थायी संसरचना समेतलाई तोकिए बमोजिमको दररेट लिई नक्सापास गर्नुपर्ने व्यवस्था मिलाउने तथा नक्सापास नगरी यस अघि बनाइएका अस्थायी संरचनालाई नक्सापास गर्न आब्हान गर्ने । साथै अटेर गरी नक्सापास नगर्ने घर/टहरा धनीलाई बत्ति/पानी लगायत सरकारी सिफारिस नगर्ने निर्णय गरियो ।

३) यस न.पा.भित्र बहने खोला नाला लगायतमा अनाधिकृत रुपमा ढुङ्गा, बालुवा, गिटी, रोडा निकाल्ने गरेको पाइएकोले त्यस्ता स्थानको एकिन गरी त्यसलाई रोक्न स्थानीय प्रशासन (जिल्ला प्रशासन, प्रहरी कार्यालय) मा अनुरोध गर्ने । र.न.पा.बाट समेत रोक्ने व्यवस्था मिलाउने ।

४) नगरपालिकाका तपशिल बमोजिम क्षेत्रमा सा.नि.सा.को अवधारणा अन्तर्गत कार्य गर्ने व्यवस्था मिलाउने :

- राजमार्गको डिभाइडरको बिचमा सोलार पोल राख्ने
- सौराहा चोकमा Overhead Bridge राख्ने
- न.पा. क्षेत्र भित्रको फोहर व्यवस्थापन अन्तर्गत पहिलो चरण सौराहा क्षेत्रको फोहर व्यवस्थापन र क्रमशः अन्य क्षेत्रमा लागु गर्ने
- Bus Pocket निर्माण
- ट्राफिक आइल्याण्ड निर्माण
- तरकारी मण्डि संचालन स्थानमा टहरो/सटर निर्माण

५) सार्वजनिक जग्गा व्यवस्थापन र.न.पा. १ र २ नेपाल मा.वि.को जग्गासँग सटेको तथा बुढीकुलो वारी पारी रहेको जग्गामा साना/हल्का सवारी साधनको पार्किङ्ग स्थल निर्माण गर्ने र सो को लागि आवश्यक रकम नगर कार्यपालिकाबाट विनियोजनको व्यवस्था मिलाउन न.पा.लाई निर्देशन दिने र अन्य स्थानमा सार्वजनिक जग्गा संरक्षणलाई अभियानको रुपमा संचालन गर्ने ।

६) यस न.पा. अन्तर्गत विकास निर्माण/पूर्वाधार क्षेत्र विकास तथा अन्य प्राविधिक र प्रशासनिक कार्य गर्नका लागि आवश्यकता अनुसार Volunteer परिचालन गर्ने व्यवस्था मिलाउने ।

७) यस न.पा. क्षेत्र अन्तर्गत बेल्सी चोक देखि खैरहनी पुल सम्मको पुरानो राजमार्ग खण्ड हाल राजमार्गको रुपमा प्रयोग नभएकोले सो बाटोमा कायम मापदण्ड घटाई २५ मी. कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने अनुरोध गरियो ।

८) यस न.पा. अन्तर्गत जनजागृति मा.वि. पिठुवा–१४ तथा बैरिया मा.वि., रनपा १० तर्फको प्राविधिक शिक्षाको लागि माग भै आएकोमा सो को लागि न.पा.बाट रु. २५,००,०००।०० (पच्चीस लाख) आगामी नगर सभामा विनियोजन गर्ने गरी सिफारिस गर्ने निर्णय गरियो ।

९) न.पा.लाई बालमैत्री नगर घोषणा गर्ने योजना अन्तर्गत बालश्रममुक्त नगर (२०७५ फाल्गुणसम्म) घोषणा गर्ने तथा बालमैत्री रणनैतिक आवधिक योजना २०७४/०७५–०७८/०७९ लाई अनुमोदन गरी कार्यान्वयन गर्ने ।

१०) यस अगाडी सिंचाई अन्तर्गत डिप वेल संचालन कार्यक्रम रहेकोमा डिप वेल तथा स्यालो ट्युव कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम संसोधन गर्ने ।

११) यस न.पा.को पहिचानमा लागि Cultural Village निर्माणको लागि रत्ननगर उद्योग वाणिज्य संघसँग सहकार्य गर्ने तथा सो को लागि इको पार्कलाई छनौट गर्ने र आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

राम प्रसाद सापकोटा
प्रशासकिय अधिकृत